## नेपाल ट्रेड यूनियन महासंघ (जिफन्ट)

नेपाल ट्रेड युनियन महासंघ, निरंकुश पञ्चायती शासन कालमा २०४६ साउन ५ (जुलाई २०, १९८९) मा भूमिगत रूपमा स्थापना भएको हो । यो महासंघ ट्रेड युनियन ऐन-२०४९ जारी भएपछि मान्यता प्राप्त नेपालको पहिलो ट्रेड युनियन महासंघ पनि हो । यसलाई छोटकरीमा जिफन्ट भन्ने गरिएको छ । जिफण्टको आठौं राष्ट्रिय महाधिवेशन यही २०७९ साउन ७ देखि ९ गतेसम्म काठमाडौंमा सम्पन्न भएको छ। महाधिवेशनले क. विनोद श्रेष्ठको अध्यक्षतामा ५७ सदस्यीय राष्ट्रिय समिति निर्वाचित गरेको छ ।

जिफन्टमा कृषि, उद्योग र सेवा क्षेत्र गरी तीनवटै क्षेत्रलाई समेटी उत्पादनमूलक उद्योग र कारखाना, खनिज-रसायन-फलाम, खाद्य-पेय पदार्थ, टेक्सटायल, गार्मेन्ट, गलैंचा तथा जुट, यातायात, अटोमोबाइल, रिक्सा तथा पेट्रोलियम, होटल, रेष्टुराँ, ट्रेकिङ, ट्राभल, वायुसेवा तथा र्‍यापिटङ, कृषि, चिया कफि बगान, प्रिन्टिङ प्रेस, निजी तथा आवासीय विद्यालय आबद्ध छन् ।

त्यसैगरी बैंक तथा वित्तीय क्षेत्र, निजी-सहकारी, निजी क्षेत्रका कर सहयोगी, निर्माण, स्वरोजगार व्यापार, सुरक्षा गार्ड, सफाइ, घरेलु र घर आधारित श्रम, कुरियर/कार्गोदेखि सुनचाँदी कालीगढ, थाङ्का कला, नाई तथा ब्यूटी पार्लर, अस्पतालका स्वास्थ्यकर्मीदेखि स्वास्थ्य स्वयंसेवी, व्यवसायिक रूपमा खेल क्षेत्रमा लागेका खेलाडी तथा कर्मचारीहरू लगायतका मजदुर तथा श्रमजीवी वर्ग संगठित छन् ।
सदस्य संख्याको हिसाबले देशको सबैभन्दा ठूलो ट्रेड युनियन महासंघको रूपमा क्रियाशील जिफन्टमा २१ वटा राष्ट्रिय ट्रेड युनियन संघहरू आबद्ध छन् भने मुलुक बाहिर बिभिन्न देशहरूमा काम गर्ने आप्रवासी श्रमिकहरूलाई संगठित गर्न जिफन्टले सहयोग समूह गठन गरी संगठित गर्ने अभियान सञ्चालन गर्दै आइरहेको छ ।
२०७४ चैतमा सम्पन्न सातौं राष्ट्रिय महाधिवेशनको तथ्याङ्कका आधारमा ४ लाख ४० हजार ७१२ श्रमिकहरू जिफन्टमा सङ्गठित छन् भने ९ जनाको पदाधिकारी टिम, ५ जनाको सचिवालय टिम गरी कुल ५८ जनाको राष्ट्रिय कमिटीमा करिब ४५ प्रतिशत महिला प्रतिनिधित्व रहेको छ ।

यो महासंघ सन् २००६ नोभेम्बरमा स्थापित अन्तर्राष्ट्रिय ट्रेड युनियन महासंघ (आईटीयूसी) को संस्थापक सदस्य हो । यसको अन्तर्राष्ट्रिय र एसिया प्रशान्त क्षेत्रीय दुबै परिषदमा प्रतिनिधित्व रहेको छ। जिफन्टका सदस्य संघहरू विभिन्न

विषयगत अन्तर्राष्ट्रिय महासंघ (ग्लोबल युनियन फेडेरेसन- जियुएफ) हरूसँग आबद्ध छन् ।

## जिफन्टमा सम्बद्ध युनियनहरू

- समग्र उद्योग ट्रेड युनियन, नेपाल (ह्वीन)
- जुट, गार्मेन्ट, कार्पेट, टेक्सटायल मजदुर युनियन, नेपाल (जुगकाटेमयु)
- नेपाल यातायात स्वतन्त्र मजदुर संगठन
- नेपाल स्वतन्त्र होटल, क्यासिनो तथा रेष्टुरेण्ट मजदुर युनियन ( नेस्वहोमयू)
- आइसिटि मिडिया तथा प्रेस प्रोफेसनल्स युनियन (इम्प्रेसन नेपाल)
- नेपाल अटो मेकानिक्स ट्रेड युनियन (नाटु)
- नेपाल कृषि तथा वगान क्षेत्र श्रमिक संघ (फापुन).
- नेपाल सफाइ कर्मचारी युनियन (नेसकयु)
- नेपाल बिजुली, पेण्टर, प्लम्बर तथा निर्माण मजदुर युनियन (क्युपेक-नेपाल)
- नेपाल स्वरोजगार व्यापार श्रमिक संघ (नेस्ट)
- नेपाल सुरक्षा श्रमिक ट्रेड युनियन (नेष्टु)
- नेपाल गृह श्रमिक ट्रेड युनियन (हुन)
- नेपाल नाई ट्रेड युनियन
- राष्ट्रिय सौन्दर्यकर्मी युनियन नेपाल (नाबुन)
- नेपाल स्वास्थ्यकर्मी तथा कर्मचारी युनियन
- नेपाल स्वास्थ्य स्वयंसेवी संघ (नेभा)
- अटो तथा इ-रिक्सा स्वरोजगार व्यवसायी मजदुर युनियन
- बैंक, बित्तीय तथा सहकारी कर्मचारी युनियन (बाफ्सु)
- निजी तथा अवासीय विद्यालय शिक्षक कर्मचारी युनियन (प्याप्सु)
- स्पोर्टस् युनियन नेपाल (सन)
- चिया तथा कफी श्रमिक युनियन

| जिफन्ट राष्ट्रिय कमिटीको नामावली | | |
|---|---|---|
| **क्र.सं.** | **नाम** | **पद** |
| | **क. विष्णु रिमाल** | **संरक्षक** |
| १ | क. विनोद श्रेष्ठ | अध्यक्ष |
| २ | क. रमेश बडाल | उपाध्यक्ष, विदेश विभाग |
| ३ | क. विदुर कार्की | उपाध्यक्ष, ट्रेड युनियन शिक्षा विभाग |
| ४ | क. जितेन्द्र श्रेष्ठ | उपाध्यक्ष, प्रचार तथा प्रकाशन |
| ५ | क. जनक चौधरी | उपाध्यक्ष, श्रम सम्बन्ध परिषद् |
| ६ | क. कमल गौतम | उपाध्यक्ष, सामाजिक सुरक्षा तथा श्रमिक सहकारी |
| ७ | क. मञ्जु थापा मगर | उपाध्यक्ष, व्यवसायजन्य सुरक्षा र स्वास्थ्य |
| ८ | क. सीता लामा | पदेन उपाध्यक्ष, (अध्यक्ष- महिला कमिटी) |
| ९ | क. लक्ष्मण शर्मा | महासचिव |
| १० | क. कमला तामाङ | पदेन उपमहासचिव, (उपाध्यक्ष-महिला कमिटी) |
| ११ | क.नरनाथ लुइँटेल | उपमहासचिव |
| १२ | क.हरिबहादुर कार्की | सचिव, ट्रेड युनियन शिक्षा विभाग |
| १३ | क. बेलीमैयाँ घले | सचिव, व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य विभाग |
| १४ | क. कृष्ण बहादुर के.सी | सचिव, श्रम सम्बन्ध परिषद् |
| १५ | क. स्मृति लामा | सचिव, विदेश विभाग |
| १६ | क. महेन्द्रलाल श्रेष्ठ | सचिव, प्रचार तथा प्रकाशन |
| १७ | क. तारानिधि पन्त | सचिव, सामाजिक सुरक्षा |
| १८ | क. विजया खड्का | पदेन सचिव, महिला कमिटी |
| १९ | क. किशोर धमला | सदस्य (अध्यक्ष-प्रदेश नं.१) |
| २० | क.कमलेश झा | सदस्य (अध्यक्ष- मधेश प्रदेश) |
| २१ | क.रामहरि नेपाल | सदस्य (अध्यक्ष- बाग्मती प्रदेश) |

| | | |
|---|---|---|
| २२ | क. रुद्र बहादुर खत्री | सदस्य, (अध्यक्ष- गण्डकी प्रदेश) |
| २३ | क. हुमाकान्त काफले | सदस्य, (अध्यक्ष- लुम्बिनी प्रदेश ) |
| २४ | क. तेज प्रकाश जिसी | सदस्य, (अध्यक्ष- कर्णाली प्रदेश) |
| २५ | क. जित बहादुर मल्ल | सदस्य, (अध्यक्ष- सुदूरपश्चिम प्रदेश ) |
| २६ | क. आनन्द थामी | पदेन सदस्य, (ह्वीन) |
| २७ | क. अर्जुन अधिकारी | पदेन सदस्य, (जुगकाटेमयू) |
| २८ | क. भिमज्वाला राई | पदेन सदस्य, (नेयास्वमसं) |
| २९ | क. प्रदिप घिमिरे | पदेन अध्यक्ष, नाटु |
| ३० | क. लक्ष्मण तिवारी | पदेन अध्यक्ष, नेस्वहोमयु |
| ३१ | क.सुमन प्रसाद पराजुली | पदेन सदस्य, (यूनिट्राभ) |
| ३२ | क. बालगोपाल थापा | पदेन अध्यक्ष, ईम्प्रेसन  नेपाल |
| ३३ | क. शान्ता बस्नेत | पदेन अध्यक्ष, क्युपेक नेपाल |
| ३४ | क. उमेश गिरी | पदेन सदस्य, (नेस्वाककयू) |
| ३५ | क. पूर्ण केसी | पदेन सदस्य (अध्यक्ष, फपुन) |
| ३६ | क. नारायणप्र. अधिकारी | पदेन सदस्य (अध्यक्ष, बाफस्यु ) |
| ३७ | क. चन्द्रसागर लामा | वैकल्पिक केन्द्रीय सदस्य |
| ३८ | क. मोहन नेपाली | वैकल्पिक केन्द्रीय सदस्य |
| ३९ | क. माधव पौडेल | वैकल्पिक केन्द्रीय सदस्य |
| ४० | क. सुधिर थापा | वैकल्पिक केन्द्रीय सदस्य |
| ४१ | क. आशिष खत्री | वैकल्पिक केन्द्रीय सदस्य |
| ४२ | क.ठाकुर कुमार श्रेष्ठ | केन्द्रीय सदस्य |
| ४३ | क. माधव पाण्डे | सदस्य |
| ४४ | क. नारायण न्यौपाने | सदस्य |
| ४५ | क. माया गुरुङ्ग | सदस्य |
| ४६ | क. गीता भण्डारी | सदस्य |
| ४७ | क. फूलमाया लामा | सदस्य |
| ४८ | क. टीक कुमारी | सदस्य |
| ४९ | क. गीता थिङ | सदस्य |
| ५० | क. पम्फा पहारी | सदस्य |
| ५१ | क.पवि गुरुङ | सदस्य |
| ५२ | क. शारदा पोडे | |
| ५३ | क. चन्दा थामी | |

| | | |
|---|---|---|
| ५४ | क. सुन्तली चौधरी | सदस्य |
| ५५ | क.सुमन गुरूङ | सदस्य |
| ५६ | क.माया भण्डारी | सदस्य |
| ५७ | क.रञ्जु भट्टराई | सदस्य |